# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वर्ष-३ | अंक-३७ | २०७५ चैत्र २० गते बुधबार | 3 April 2019 Wednesday | मूल्य रू. १०/-


# नौ रुपैयाँको नुन लिन दुईहजार खर्च

**विश्वनाथ सिम्खाडा**

**कालिकोट**-जिल्लाको दुर्गम गाउँ पलाँता गाँउपालिका पुलाहा र वान्जडाका बासिन्दालाई ११ किलो नुन लिन अझै पनि सदरमुकाम मान्ममा धाउनुपर्ने बाध्यता छ। ११ किलो नुनको मूल्य ९९ रुपैयाँ रहे पनि जाँदा आउँदाको बाटो खर्चसमेत गर्दा कम्तीमा दुई हजार सम्म खर्च हुने गरेको पुलाँहाका अज सार्किले बताए। 'दुइ दिन जान, दुइ दिन आउन र एक दिन पूरै डिपोमा लाइनमा बस्नुपर्छ', सार्किले भने, '११ किलो नुन लिन पाँच दिन लाग्छ।

नुनको मूल्यभन्दा धेरै गुणा बढी खर्च आउनजानमालाग्छ ।'अजलेभने, सरकारले अनुदानमा उपलब्ध गराएको आयोडिनयुक्त नुनको ११ किलोको प्याकेट भर्खर मात्र घर भित्र्याएका छन् । यो समस्या अजको मात्र होइन, कालिकोटका पचालझरना, पलाँता, रास्कोट, महावै, नरहरिनाथक्षेत्रका सबै बासिन्दाको हो। जिल्लाको उतरि क्षेत्रका ११ गाविसका जनतालाई सेवा दिन सदरमुका मान्ममा स्थापना भएको नुन डिपोबाट पलाँता धौलागोह, पचाझभरनाको नानिकोट, वाजुराको गोत्रि, मुम्र, र रुप्साका वासिन्दा नुन लिन आउनजान चार दिनदेखि पाँच छ दिन लाग्छ। पलाताको पुलाँहादेखि मान्म पुग्न दुई दिन र फर्कन दुई दिनगरि जम्मा पाँच दिन लाग्छ। पलाँता-१ का कर्न सार्किले भने, 'सवै सेवा गाँउमा आएको छ तर, नुन ल्याउन नुनले २० दिन पनि राम्रोसँग पुग्दैनृ, विकले भनिन्। ढुवानी अनुदानको नुन जिल्लाको सदरमुकाम सदरमुकाम मान्म वाटै बिक्री वितरण भइरहेको छ। नुन प्रतिकिलो नौ रुपैयाँका दरले बिक्री भइरहेको छ। बजारमा किन्दा यो नुन



मान्म नुनको डिपोमा नुन लिनेको भिड ।

अझैपनि सदरमुकाम मान्म जानु प्रर्ने वाध्यता छ । सिंह दरवारको अधिकार गाँउमा आएपनि नुन भने गाँउमा आएन सदरमुकाममै रहेछ उनले,गुनासो पोखे । यस्तै विकट महावैको राम्निगेलाकी जना विक, ९९ रुपैयाँको नुन किन्नका लागि एक हजार ऋण काढेकी छन् । यति सकसले ल्याएको प्रतिकिलो ३५ रुपैयाँभन्दा बढी पर्छ । महिनाको एकपटक 'चार घन्टा भयो लाइनमा बसेको बल्ल नुन पाइयो। नुन लिन पनि साह्रै दुःख भएर लाइनमा बसेका पचालझरना गाउँपालिका खडितोलिका कुष्म सज्याललले भने । एकातिर सहुलियतको नुन जनताले

**बाँकी ८ पृष्ठमा..**

# औषधीको अभाव जिल्ला अस्पतालमा

**मिसन न्यूज**

**कालिकोट** - जिल्लाको एक मात्र अप्पताल जिल्ला अस्पताल कालिकोटमा औषधिको अभाव भएको छ । जिल्ला अस्पतालले पटक पटक क्षेत्रीय औषधि स्टोर नेपालगंजलाई आग्रह गर्दा पनि औषधि आपूर्ति नगरेका कारणले जिल्ला अस्पतालमा औषधिको अभाव भएको हो ।

सामान्य रोग लागेका बिरामीले पनि जिल्ला अस्पतालमा औषधिको अभाव हुँदा मेडिकलबाट महँगोमा किन्नु पर्ने बाध्यता रहेको छ । सामान्य औषधि पनि छैन जिल्ला अस्पताल कालिकोटमा रुघाज्वरोका लागि आवश्यक पर्ने सिटामोल पनि चर्को मूल्यमा निजी



कालिकोटको जिल्ला अस्पतालकमा कुर्दै विरामि ।

मेडिकल बिरामीलाई दिने गरिएको अस्पतालले जनाएको छ । सिटामोल, जीवनजल पनि निजी मेडिकलहरूबाट खरिद गरेर बिरामीलाई दिनु परेको अस्पतालद्वारा सञ्चालित फर्मेसीमा कार्यरत पुष्कर शाहीले बताए। 'सामान्य औषधि पनि अस्पतालको फार्मेसीमा छैन।' उनले भने,'सबै औषधी बिरामी नीजि मेडिकलबाट खरिद गर्नु पर्छ ।' अस्पतालले संचालन गरेको फार्मेसीमा एन्टिबायोटिक, दमका बिरामीका लागि

**बाँकी ४ पृष्ठमा..**

## १५ लाख बराबरको जग्गा विद्यालयलाई दान

**मिसन न्यूज**

**कालिकोट**- खाँडाचक्र नगरपालिका ३ कि कृष्णाकला पाण्डे उमेरले ८३ वर्ष पुगि सकिन । ८३ वर्षको उमेर पुगेकाले सामान्य त मिठो खाना, न्यानो कपडा र कमलो वचनको अवश्यकता महशुस गर्छन् । तर, उनलाई मिठो मसिनोको लोभ छैन । आफनो समाजको लागि भन्दै आफनो नाममा रहेको एक हजार चारसय ३५ वर्ग्मिटर जग्गा विद्यायलयको नाममा निशुल्क दान गरेकि छिन् । ३ छोरा र एक छोरी चार सन्तानकी आमा अहिले पनि जमिनको भरमा कुटोकोदालो गर्दै दैनिकी धान्दै छिन्। सरकारी मुल्याकनमा १५ लाख रुपैयाँ पर्ने आफ्नो नाममा रहेको जग्गा कालिका प्रथामिक विद्यायलयलाई भवन



निर्माणको लागि दिइन्। जोखिम युक्त, ठाँउमा विद्यायालय संचालन भइरहेकाले वालवालिकाले जोखिममुक्त ठाउँमा नडराइ पढुन् भनेर जग्गा दान गरेकी हुँ।' उनले भनिन् 'म संग धेरै जग्गा जमिन भएर हैन, मेरो छरछिमेक, गाँउ समाज र परिवारको भविष्य उज्वल पार्न जग्गा दिएकी हुँ' गाँउका कतिपय बालवालिका विद्यायलय जानवाट वन्चित छन्। नजिक विद्यायलय भयो भने, सहज तरिकाले पढ्नपाउन भन्ने उद्देश्यका साथ आफूले जग्गा दान गरेको पाण्डेको भनाइ छ। निरक्षर पाण्डेले शिक्षा क्षेत्रका लागि यति ठुलो चासो देखाएको भन्दै उप-प्रमुख विजाय विष्टले नगरपालिकाले पाण्डेलाई सम्मान गर्ने विषयमा नगरमा छलफल गर्ने बताईन्।

# अबको विकास र समाजवाद

**सुरेन्द्र पाण्डे**

म के देख्छु भने सबै विपक्षी दल एउटै गठबन्धनमा आउनू भन्न खोजेको हो। यस अवस्थामा सबै विपक्षी राजनीतिक दल एकै ठाउँमा आउन सम्भव होला ? पहिले आफूहरू मिल्नुहोस् र गठबन्धन गरौं भन्ने कुरा सुन्दा रमाइलो लाग्छ। यो तातो पानीमा चोबलिने कुरा भयो। कोही पनि चोबलिन तयार नहुने ! पछिल्लो घटनाक्रम हेर्दा गठबन्धनको परिस्थिति सजिलो हुँदैन। देशको इतिहास हेर्ने हो भने कुनै पनि दलले निश्चित शक्तिमा पुगे पछि मात्र सहकार्यको आह्वान गर्दा सहकार्य सम्भव हुन सक्छ। शक्तिको एक उचाइमा नपुगेको बेला सहकार्यको कुरा गर्नु जिस्किएको जस्तो हुन्छ।

यसरी अपिल गर्नु पूर्व आफ्नो सङ्गठन विस्तार हुन जरुरी छ। अरू आन्दोलन गर्ने शक्तिहरूका पनि एजेन्डा अलगअलग छन्। अबको छलफल नयाँ कोणबाट हुन जरुरी छ। तर, विषयवस्तुहरू पुराना छन्। शक्ति नयाँ, कुरा पुराना। एजेन्डा पूर्ववत् पुरानै हुन। यहाँहरूले भने जस्तै, 'अबको निकास, समावेशी विकास' यसको विस्तृत रूपमा हेर्दा समावेशी विकास भनेको के हो? अबको आर्थिक विकासमा हरेक राजनीतिक दलले कस्तो भूमिका खेल्न सक्छ ? भनेर पार्टीको आर्थिक नीतिमा व्याख्यात्मक टिप्पणी हुन जरुरी छ। अहिले विश्व औद्योगिक क्रान्तिको चौथो चरणमा पुगेको छ। केही दिन अघि म चीन पुगेको थिएँ। अहिले चीन थर्ड जेनेरेसन कार बनाउँदै छ। जुन हात छोडेर चलाउने। सङ्कट आइलाग्यो भने सोझ्याउने । एक दुई वर्षमा फोर्थ जेनेरेसनको कार बनाउँदै छ। जुन हातले चलाउनु पर्दैन । आँखा जता सोझिन्छ त्यतै जाने र, सन् २०२५ सम्म फिफ्थ जेनेरेसन कार बनाउँदै छ । जुन स्वचालित कार हुनेछ। दुनियाँका हरेक देशले आर्थिक क्रान्तिमार्फत ठुला छलाङ मारिरहेका छन्। हामी अझै पुराना कुरा गरिरहेका छौं। अबको बहस र छलफल नेपाली जनता, युवाका लागि इन्टरपेनरसीपको अध्याय सिर्जना गर्नुपर्छ। यो अभियानलाई कसरी नेतृत्व गर्न सक्छौं ? त्यसतर्फ बहस र छलफल हुन जरुरी छ। अब हाम्रो विकल्प के ? अबको बाटो के ? भन्ने तर्फ छलफल जरुरी छ। यसको निष्कर्षमा जान सक्यौं भने मात्र मुलुकले ठुलो परिवर्तन प्राप्त गर्न सक्छ।

हामी ठूलाठूला राजनीतिक परिवर्तनको लागि सक्षम छौं, तर देश परिवर्तन गर्ने कुराचाहिँ राजनीतिक परिवर्तनले केही गर्दैनन् भन्ने देखिएको छ। नारा लगाएर देश विकास हुँदैन। सडक नारा लगाएर होइन, खनेर बन्छ। जबसम्म मिहिनेत र परिश्रम गर्दैनौं तबसम्म देश बन्दैन। के विकसित देश नारा लगाएर बनेका हुन त ? दुनियाँका हरेक देशले आर्थिक क्रान्तिमार्फत ठुला छलाङ मारिरहेका छन्। हामी अझै पुराना कुरा गरिरहेका छौं। हामी चाहिँ नारा मात्र लगाएर बस्ने, देश कसले बनाउँछ त ? अचेल राजनीतिक नेतालाई राजनीति आदत बनेको छ। राजनीतिमा लागिहालियो, छोड्न सकिँदैन । मोदनाथ प्रश्रित भन्नुहुन्थ्यो, 'बाहुन नेता भएर विकास भएन। २००७ साल भन्दा अघि बाहुन गाउँ डुलेर खाए। विवाह, व्रतबन्ध, मृत्यु संस्कारमा, पूजा गर्न जाने फर्कंदा कोसेली बोकेर आउँदा ल्याउने कुराले घर चलेको थियो। ठुलो आकाङ्क्षा केही छैन। २००७ सालपछि बाहुन मन्त्री, सांसद भए। बोल्न जानेको छ। काम गर्न केही जान्दैन।' मुलुक पछ्यौटेपनमा जानुको सबैभन्दा ठुलो कारक हो भाषण। कुनै विषयमा कत्ति जानकार छैनौं तर जानकार जस्तो बनिदिन्छौं । नक्कल गर्छौं । जानेको जस्ता कुरा गर्छौं तर काम गर्दैनौं। जनता समृद्धि, विकास र सम्पन्नता चाहन्छन्। जतिसुकै ठुला भाषण गरे पनि अन्तिममा आर्थिक विषय नै महत्त्वपूर्ण हो। अर्थतन्त्रका बहस हामीले कहिल्यै गर्दैनौं। बहस आवश्यक लाग्दैन हामीलाई। हामी केवल राजनीतिक कुरा गरेर मात्र समय बिताउँछौं। बहसमा निर्मला हत्याकाण्ड आयो। यो हिजोको नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्रमा थियो र ? यो त बीचमा आइलागेको कुरा हो।

तिमीले घोषणापत्रमा लेखेका कुरा किन कार्यान्वयन भएन एक वर्षमा ? भन्ने खालको बहस आजको आवश्यकता हो। अहिले उठाइएका विषय भनेका या त बिचमा आइलागेका, या पहिल्यै देखि सन्दर्भमा आइरहेका छन्। कुनै नयाँ विषय भएनन्। मोहीयानी हक पनि दिनुपर्छ भन्छौं। चक्लाबन्दी पनि हुनुपर्छ भन्छौं । मोहीयानी हकले जमिन टुक्रिन्छ। चक्लाबन्दीले जोड्ने कुरा हुन्छ ? कसरी जग्गाको उत्पादकत्व बढ्छ त ? यी विषयको कुनै जवाफ छैन। कि त अमेरिकाको जस्तो यसपालि फलानो बाहेक अन्य बाली लगाउन पाउँदैनौं भनेर घोषणा गर्ने र लगायौ भने जेल हाल्छु भन्नुपर्‍यो। होइन भने नेपालको जमिनमा उत्पादकत्व बढाउनको लागि के गर्ने ? बहस यो हुनुपर्छ। यी यावत कुरामा बहस जरुरी छ। अबको समयमा नयाँ शिराबाट बहस अगाडि बढाउन सक्नुपर्छ। नेपालमा समाजवाद ल्याउने भन्ने कुरा हुन्छ। तर, के हो समाजवाद? समाजवाद कसरी आउँछ ? समाजवाद भनेको अनरसीप रिलेसन परिवर्तन गर्ने कुरा हो। मैले रुस र चीनको अभ्यास हेरें। उनीहरूले पहिले जमिन सहकारीको अधीनमा लाए। त्यसपछि सहकारी सरकारको अधीनमा ल्याए। के नेपालमा सहकारी हुँदै सरकारी बनाउन सक्छौं ? सक्दैनौं। भोट हाल्ने जनताले मार्छन्। तिमीले घोषणापत्रमा लेखेका कुरा किन कार्यान्वयन भएन एक वर्षमा ? भन्ने खालको बहस आजको आवश्यकता हो। अहिले उठाइएका विषय भनेका या त बिचमा आइलागेका, या पहिल्यै देखि सन्दर्भमा आइरहेका छन्। कुनै नयाँ विषय भएनन्। अबको समयमा नयाँ शिराबाट बहस अगाडि बढाउन सक्नुपर्छ। दोस्रो, उनीहरूले उद्योगलाई राष्ट्रियकरण गरे। अहिले नेपालमा यो काम गर्न सक्दैनौं। तेस्रो, नोट खारेज गरेर नयाँ नोट जारी गरेका रहेछन्। त्यो गर्न नेपालमा सम्भव छ ? चौथो, शिक्षा सबै सरकारले व्यहोरेको रहेछ। नेपालका सबै निजी (प्राइभेट स्कुल)विद्यालय सरकारी करण गर्न कति लाग्छ भनेर हिसाब गरेको २० खर्ब क्षतिपूर्ति लाग्ने रहेछ। ८ खर्ब राजश्व उठ्ने देशमा २०औं खर्ब कसरी क्षतिपूर्ति दिन सक्छौं ? पाँचौं, स्वास्थ्य सेवा सरकारमार्फत दिनुपर्ने। अहिले प्राइभेट र निजी क्लिनिक राष्ट्रियकरण गर्‍यौं भने के हुन्छ ? ७ देखि १० खर्ब क्षतिपूर्ति दिनुपर्ने रहेछ । छैटौं, यातायात । हामीकहाँ साझा बाहेक अन्य केही छँदै छैनन्। विदेशी मुलुकमा जाँदा मेट्रो, बस सबै सरकार वा नगरपालिकाको हुन्छ। तिमीले घोषणापत्रमा लेखेका कुरा किन कार्यान्वयन भएन एक वर्षमा ? भन्ने खालको बहस आजको आवश्यकता हो। अहिले उठाइएका विषय भनेका या त बिचमा आइलागेका, या पहिल्यै देखि सन्दर्भमा आइरहेका छन्।

यी सबै विषयलाई समेटेपछि मात्र समाजवाद हुन्छ । यी कुरामा हामीले कसरी आरम्भ गर्छौं ? जमिनमा हामी उत्पादन वृद्धि गर्ने भन्छौं। मोहीयानी हक पनि दिनुपर्छ भन्छौं। चक्लाबन्दी पनि हुनुपर्छ भन्छौं। मोहीयानी हकले जमिन टुक्रिन्छ। चक्लाबन्दीले जोड्ने कुरा हुन्छ ? कसरी जग्गाको उत्पादकत्व बढ्छ त ? यी विषयको कुनै जवाफ छैन। कि त अमेरिकाको जस्तो यसपालि फलानो बाहेक अन्य बाली लगाउन पाउँदैनौं भनेर घोषणा गर्ने र लगायौ भने जेल हाल्छु भन्नु पर्‍यो। होइन भने नेपालको जमिनमा उत्पादकत्व बढाउनको लागि के गर्ने ? बहस यो हुनुपर्छ। यी यावत कुरामा बहस जरुरी छ। नयाँ शक्ति भनेर उहिँ पुराना कुरा गरेर गन्तव्यमा पुग्न सकिँदैन। नयाँ नेपाल बनाउनका लागि नयाँ भिजन हामीले दिनुपर्छ। अब मूलभूत विषय भनेको पहिलेको कुरा सकियो। त्यो किसिमको वर्गीय सङ्घर्ष सकियो। नयाँ हिसाबले अगाडि बढ्न जरुरी रहेको छ। देशको विद्यमान परिस्थितिमा राजनीतिक दलको भूमिका' सम्बन्धी कार्यक्रममा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे

## साताको भाग्यफल

**मेष** : प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ।

**वृष** : प्रारम्भमा स्वास्थ्य चिन्ताले सताउन सक्छ। जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्‍याउँदा केही चुनौती आउन सक्छन्।

**मिथुन** : प्रारम्भमा केही चुनौतीसँग संघर्ष गर्नुपर्ला। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ। अरूको स्वार्थमा समेत उपयोग भइएला।

**कर्कट** : प्रियजनसँगको भेटघाटले प्रारम्भ रमाइलो देखिए पनि यो साता केही उतार चढावमय रहनेछ। तापनि मिहिनेत गर्दा सफलताको सूत्र पत्ता लगाउन सकिनेछ।

**सिंह** : पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ। प्रतिस्पर्धीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ।

**कन्या** : प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ। प्रतिस्पर्धीहरूले विभिन्न अवरोध सिर्जना गर्नेछन्।

**तुला** : रम्भमा घरेलु समस्या देखापर्न सक्छन्। काम रोकिनुका साथै पारिवारिक समस्याले सताउन सक्छ। साइनो गाँस्नेहरूबाट पनि सजग रहनुहोला।

**वृश्चिक**: प्रारम्भ उत्साहवर्द्धक देखिए पनि यो सातामा केही उतारचढाव समेत आउनेछन्। पारिवारिक असमझदारीले केही समस्या निम्त्याउन सक्छ।

**धनु** : धेरै बोल्ने बानीले वादविवाद निम्त्याउला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। सुरुमा आलोचकहरूले बाधा पुर्‍याउला।

**मकर** : प्रारम्भमा इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ। तर भेटघाटमा अलमलिनाले लक्ष्यमा पुग्न बाधा पर्नेछ।

**कुम्भ** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

**मीन** : सुरुमा मनग्गे धन लाभ हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। व्यवसायमा मनग्गे लाभ हुनेछ।

# कहिले पहिरोले, त कहिले गाडि विग्रेर जाम

**मिसन न्यूज**

**कालीकोट-** सुर्खेतदेखि कर्णाली राजमार्ग हुदैं कालिकोट जुम्ला र मुगु आउने सवारीयात्रा आजकाल यात्रुहरुका लागि अत्यन्तै अत्यास लाग्दो र कष्टकर हुने गरेको छ । यात्राका क्रममा बाटोको ठाँउ ठाँउमा हुने गरेको सवारी जामका कारण यात्रा कष्टकर र झन्झटिलो बनेको हो ।

कर्णाली राजमार्ग अन्तरगर्त कालेखोला, जिते, तल्लो डुडेश्वर सडक खण्डमा उकालो बाटो भएको र बढी भार लिएर आउने सवारी साधनहरु बाटोमै विग्रीनाले गाडि जाम हुने गरेको छ भने कर्णाली राजमार्गको विभिन्न ठाउँमा खाल्डाखुल्डी भएकाले पानी परेपछि गाडि फस्ने भएकाले यात्रुहरुले धेरै जसो सास्ती खेप्नु परेको छ, माथिबाट झर्ने ढुङगाले पनि बाटो अवरुद्ध गर्ने भएकाले कर्णाली राजमार्गमा यात्रा गर्ने यात्रुहरुलाई समस्या हुदैं आएको हो । बाटो घुमाउरो र सानो भएकाले लामो सवारी साधनहरु गुडाउन समेत असहज हुँदा सामान्य कारणले पनि यात्रुहरु घण्टौ जाममा बस्न बाध्य हुने गरेका छन् । उकालो बाटोमा बढी भार बोकेका ट्रकहरु गुड्न नसकि बाटोमै विग्रने गरेकाले जाम बढ्ने गरेको हो । सवारी आवागमनमा भएको जामको पिडा यात्रुहरुले बेहोरिरहेका छन भने




प्रहरीले जाम खुलाउन सधैं सास्ती खेप्नुपरेको छ । 'बढी भार बोकेका सवारी साधनहरु वीच बाटोमै विग्रिएपछि बाटोमा जाम परेका हौं' कालीकोटदेखि सुर्खेत जादैं गर्नुभएको मनविर भट्टराईले भने । 'ट्राफिक प्रहरीले पनि के गर्न सकोस, तान्ने उपकरण केही छैन धन्न जसो-तसो विग्रेका ट्रकलाई अन्य गाडिको सहयोगमा किनारा लगाएर खुलाउछन् ।' बाटोमै विग्रीएका सवारी साधनहरुलाइ तत्काल सडकबाट हटाउने कुनैपनि उपकरण नहुँदा अन्य सवारीसाधनहरुले दुख पाउने गरेका छन् । कर्णाली राजमार्गमा चल्ने गाडिहरुले अन्य उपकरणको कुरै छैन बजारमा पाइने एउटा गाडिले अर्को गाडि तान्ने फलामे डोरी समेत नभएपछि कर्णाली राजमार्गमा गाडि विग्रे अन्य गाडिले सास्ती खेप्नुपर्ने बाध्यता कार्यमै छ । मंगलबार जिते बजार नजिकै विग्रिएको ६ चक्के ट्रक हटाउनको लागि एक दिन नै लागेको थियो । कर्णाली राजमार्गमा एउटा मात्रै गाडी विग्रदा त्यसको असर मान्मदेखि राकमसम्मै पुग्ने गरेको छ । अझ बर्षातको समयमा ठाउँ ठाउँमा पहिरो र सडकमाथीबाट ढुङगा खस्दा फेरी अर्को जाम हुने गरेको छ ।

सामान्य अवस्थामा ५ देखि ६ घण्टामा पार गर्न सकिने मान्मदेखि सुर्खेतसम्मको बाटोमा दिनहुँ सवारी साधन विग्रीएर सवारी जाम हुँदा १० देखि १२ घण्टासम्म लाग्ने गरेको सवारी चालकहरुले बताएका छन् । कर्णाली राजमार्गमा हुने जामले गर्दा यात्रुहरुले सधैं कष्ठकर यात्रा गर्न बाध्य भएका छन् । सडक खण्डमा विभिन्न कारणले गर्दा यात्रुहरुले घण्टौसम्म जाममा बसेर कर्णाली राजमार्ग पार गर्ने गरेका छन् । विचबाटोमा ट्रक विग्रिएर १ दिनभर गाडि कुरेर बसेका हिरे टमट्टाले भन्नुभयो,

बाँकी ४ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## कहिले पहिरोले, त........................

'जितेमा ट्रक विग्रीएर जाममा परीयो, पानी पर्‍यो भने पहिरोको डर पनि छ, छिट्टै सुर्खेत पुगिन्छ की भनेर गाडि चढेको ७ घण्टा भइसक्यो जितेमै छौं ।' कर्णाली राजमार्ग फराकीलो नहुँदा यहाँ चल्ने सवारीसाधनहरुले सधैं यस्तै कष्ट बेर्होदै आइरहेका छन् । बाटो साघुरो भएकै कारण त्यसको प्रत्यक्ष मार प्रदेश राजधानी भित्रिने र बाहीरिने यात्रुहरुले खेप्नुपरिरहेको छ । कर्णालीपाटिबाट

## औषधीको अभाव जिल्ला........................

चाहिने विटाटु, विकामियम, पिसाव पोल्ने बिरामीका लागि चाहिने अल्कालाइजर लगायतका दैनिक आवश्यक पर्ने औषधि अभाव छ । पटक(पटक माग गर्‍यो औषधि आएन जिल्ला अस्पताल कालिकोटका प्रमुख भिष्म पोखरलले क्षेत्रीय मेडिकल स्टोर नेपालगंजमा औषधि माग गरेको महिनौँ भइसक्दा पनि नआउँदा समस्या भएको जिल्ला अस्पताल बताए । 'लिखित तथा मौखिम रुपमा धेरै पटक माग गर्‍यो औषधि पठाएको छैना' उनले भने,'अहिले त माग गर्न छोडिसकियो ।' सामान्य बिरामी भए जुम्ला, सुर्खेत र नेपालगंज जिल्ला अस्पतालमा औषधिको अभाव भएका कारणले सामान्य बिरामीले पनि उपचारका लागि सुर्खेत नेपालगंज र जुम्ला जानुपर्ने बाध्यता रहेको छ । जिल्ला अस्पतालमा बिरामीले उपचार औषधि नपाउने भएका कारणले औषधिका लागि नेपालगंज र सुर्खेत जानुपर्ने बाध्यता रहेको हो ।

जिल्ला अस्पतालमा सामान्य बिरामी भएपनि सुर्खेत र नेपालगंज रिफर गर्ने गरेको खाँडाचक्र नगरपालिका ७ पंखबहादुर मल्लले बताए । 'जिल्ला अस्पतालमा बिरामी जैलाने हो । सिधै सुर्खेत, नेपालगंज र जुम्लामा रिफर गर्ने गरेको छ' उनले भने,'औषधि अभावका कारणले यस्तो समस्या आएको हो ।'


### पचालझरनाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

पचालझरना गाउँपालिका
कालिकोट



### प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

पलाँता गाउँपालिका कार्यालय
कालिकोट



व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट


# स्वास्थ्य

## यस्ता छन् पुदिनाका फाइदैहरु



पुदिनाको प्रयोग कुनै न कुनै रूपमा विश्वभरि हुने गरेको पाइन्छ । नेपाल तथा दक्षिण एसियाली मुलुकमा यसको प्रयोग अनेक परिकारमा मिलाएर गरिन्छ । पुदिना आफैंमा लोकप्रिय जडीबुटी हो । पुदिनालाई विभिन्न स्वादको परिकार बनाई खाने गरिन्छ नै । कतिपयले यसलाई जुस, चिया तथा अचारका रूपमा पनि प्रयोग गर्ने गरेको देखिन्छ ।

यो जडीबुटीको अचार तथा जुस जाडोको तुलनामा गर्मीमा बढी खाने गरेको देखिन्छ । चर्को गर्मीका बेला पुदिनालाई मिर्सी तथा पानीमा भिजाएर जुसका रूपमा पिउने गरेको पनि पाइन्छ । पछिल्लो समय मासु, अचार तथा तरकारीको परिकारमा पनि यसको प्रयोग गर्ने चलन बढेको छ । सबैले रुचाउने पुदिनाका फाइदा यसप्रकार छन् :-

तपाईंको पेट भारी भएको छ भने पाचन प्रणालीको द्वारलाई नरम बनाइदिन्छ र आमशयलाई हल्का बनाइदिन्छ ।

- पुदिनाको चिया पिउनाले पेटको पुरानो समस्या हट्नुका साथै मुखको घाउ निको हुने तथा छालामा निखार आउँछ ।
- पुदिना जुसले छालालाई शीतल राखेर छालामा स्फूर्ति तथा ताजगी ल्याउँछ ।
- पुदिनाको सेवनले शरीरमा रहेको विषाक्त पदार्थ पनि बाहिर निकाल्छ ।
- पुदिनाको पातले दाँत माझ्े मुखको गन्ध हट्नुका साथै दाँत चम्किन्छ ।
- रगत सफा गर्नमा पुदिनाको ठूलो भूमिका हुन्छ ।

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

# बेरोजगारीका लागि सिपमुलक तालिम सम्पन

**मिसन न्यूज**

**कालीकोट**-बेरोजगारीहरुका लागि रोजगार भन्ने धारणलाई माथि उठाउँदै खाँडाचक्रमा संचालन भएको सिपमुलक सिलाई-कटाई तालिम सम्पन्न भएको छ। सिलाई-कटाई पेशा दलित भनिने परियार जातिले गर्ने पेशा हो भन्ने हाम्रो समाजको परम्परागत सोचाई थियो। त्यसमा पनि अझ पुरुषहरुले मात्रै गर्नुपर्छ भन्ने मान्यता समाजको थियो। तर अहिले यो पुरातन सोचाई र मान्यताको अन्त्य भएको छ।

अहिले सिलाई-कटाई पेशा व्यवसायिकरण भएसंगै महिलाहरुको आत्मनिर्भरको बाटो बन्ने गरेको छ। सधै जसो घरायसी कामकाज र चुलोचौकोमा मात्र सीमित रहने महिलाहरु समय निकालेर अहिले सीप सिकेर आत्मनिर्भर बन्न थालेका छन्। पढेलेखेर बेरोजगार बसेका विवाहित महिलाहरू पनि सिलाईकटाई तालिम लिएर यसै व्यवसायलाई आम्दानीको प्रमुख स्रोत बनाउन थालेका छन्। आम्दानी पनि हुने र आफैले सीप सिके कसैको भर नपर्नुपर्ने भएकोले सिलाईकटाई सिक्न लागेको ऐश्वय रोकायाले बताउनुभयो। कुनै पनि काम गर्न सजिलो नभएपनि आत्मनिर्भका लागि सिलाईकटाई महिलाको लागि आर्कषण व्यवसाय बढ्दै गएकाले महिलाहरुलाई आत्मनिर्भर बनाउने उदेश्यकासाथ माघ १५ गतेदेखी सुरु भएको ४५ दिने सिलाई कटाई तालिमको समापन गरिएको छ।



खाडाचक्र नगरपालिकाको आर्थिक सहयोग, पुनम सिलाई कटाई टेडिङ्ग सेन्टरको प्राविधिक सहयोगमा मान्ममा संचालित तालिम सम्पन्न भएको हो। माघ १५ देखि सुरु भएको तालिमबाट विभिन्न उमेर समूहका ८ जना महिलाहरुले लुगा सिउने सीप पाएका छन। पुनम सिलाई कटाई टेडिङ्ग सेन्टरका प्रशिक्षक पुनम सिंह घत्तिको अध्यक्षता खाडाचक्र नगरपालिकाका उपप्रमुख विजया विष्टको प्रमुख आतिथ्यता तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत रत्न भण्डारीको विशेष आतिथ्यतामा एक कार्यक्रमको आयोजना गरि समापन गरिएको हो। ४५ दिने तालिमको समापन समारोहमा बोल्दै खाडाचक्र नगरपालिकाका उपप्रमुख विजया विष्टले उद्यमी सृजना गर्ने खालको कार्यक्रम गर्न आफु प्रतिबद्ध रहेको बताइन्। उनले भनिन् 'तपाईहरुले सिकेका सिपलाई बढाउदै लानुहोस म तपाईको साथमा छु, रोजगार सृजना गर्ने कार्यक्रममा आफु सधै साथ दिने प्रतिवद्धता व्यक्त गरिन्।' अरुको आसमा जिवन गुजारा गर्नुपर्ने बाध्यता हटेकाले अब व्यवसायीक रुपमा सिलाई कटाई काम गरेर आत्मनिर्भर हुन उपप्रमुख विष्टले आग्रह गरिन्।

तालिममा सहभागिहरुले आफुहरुले आधारभुत ज्ञान पहिले नै पाइसकेकाले पुर्नताजकी तालिम भएको भन्दै फेरीका दिनमा पनि नगरपालिकाले यस्तै तालिम संचालन गर्न माग गरेका छन्। तालिमका सहभागि कल्पना रोकायाले सुरुमा अर्काकोमा पैसा तिरेर लुगा सिउन जानु पर्ने आफुहरु अहिले अरुका लुगा सिउन सक्ने भएको बताइन्। 'भोटोबाट सिउन सुरु गरेको लुगा अब आफुले लगाउने सबै लुगा सिउछौ, त्यसैले अब माथिल्लो स्तरको तालिम र मेसिन सहयोग पाए हुन्थ्यो।' रोकायाले उपप्रमुख विष्टसंग माग गरिन्। कार्यक्रममा वडानम्बर ११ का वडाअध्यक्ष पुष्पराज गिरीले एक घर, एक उद्यमी, एक रोजगारको नीतिले मात्र अर्थतन्त्र बलियो हुने भएकाले नगरले अब प्रत्येक वडामा सिपमुलक तालिमको सुरुवात गर्ने बताए। गिरीले

बाँकी ८पृष्ठमा....

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## शहर सुधार्न ढाकालाई १० करोड डलर



**ढाका -** बंगलादेशको राजधानी ढाका शहर र वरपरका शहरी क्षेत्र सुधारका लागि विश्व बैंकले १० करोड अमेरिकी डलरको आयोजना स्वीकृत गरेको छ। ढाका साउथ सिटी कर्पोरेशनअन्तर्गत राजधानी र चार ठूला शहरी क्षेत्रमा सार्वजनिकस्थल तथा शहरी सेवा सुधारका लागि ल्याइएको उक्त आयोजना बाट करिब १० लाख नागरिकले प्रत्यक्ष लाभ लिनेछन्। 'ढाका सीटी नेइभरहुड अपग्रेडिङ आयोजना' ले राजधानी र चार छिमेकी शहरी क्षेत्रमा पार्क, खेल मैदान, खुला स्थान, तटीय क्षेत्र, सडक, फुटपाथ र सार्वजनिक भवन साथै सामुदायिक केन्द्रमा सबै प्रकारका शहरी सुविधा विस्तार गरिने जनाएको छ। वासिङटनस्थित दातृ संस्थाले सोमबार आयोजना स्वीकृत भएको जानकारी दिँदै भनेको छ, 'आयोजनाले प्राकृतिक जीवन जीउन वञ्चित रहँदै आएका विशेष गरी महिला, युवा, वृद्धवृद्धा र अपांगलाई सहजरूपमा सार्वजनिक सुविधाको अभाव हुन नदिने गरी कार्यक्रम अघि बढाइने छ।' विश्व बैंक का बंगलादेश तथा भूटानका लागि निर्देशक रोबर्ट साउमले भने, 'बंगलादेश को पाँच भागको एक हिस्सा कुल गार्हस्थ उत्पादन राजधानी ढाकामा निर्भर रहन्छ भने यहाँको औपचारिक रोजगारीको झण्डै आधा जनशक्ति यहाँ छ।' सन् १९८० मा तीस लाख जनसंख्या रहेको ढाका जसलाई अहिले १ करोड ८० लाख जनसंख्या रहेको छ।

# ज्ञानमाला

१. नेपालले सदस्यता UNO को लागि भएको मतदानमा महासभामा कतिवटा राष्ट्रको समर्थन प्राप्त गरेको हो ?
-५७

२. नेपालले संयुक्तराष्ट्र संघको सदस्यता प्राप्त गर्न औपचारिक रूपमा कहिले निवेदन दर्ता गराएको थियो ?
-१३ फेब्रवरी १९४९

३. नेपालले संयुक्तराष्ट्र संघको सदस्यताको लागि निवेदन दर्ता गराउँदा कुन भाषाको प्रयोग गरेको थियो ?
-नेवारी

४. नेपालले संयुक्तराष्ट्र संघको सदस्यता प्राप्त गर्दा नेपालको प्रधानमन्त्री को थिए ?
-टंकप्रसाद आचार्य

५. नेपालले संयुक्तराष्ट्र संघको महासभामा कहिलेदेखि भाग लिदै आइरहेको छ ?
-सन् १९५६

६. नेपालले संयुक्त राष्ट्र संघको महासभामा पहिलो पटक भाग लिनको लागि कसको नेतृत्वमा ६ सदस्यीय टोली पठाएको थियो ?
-चुडाप्रसाद शर्मा

७. नेपाली सेनाले कहिलेदेखि संयुक्तराष्ट्र संघीय शान्ति सेनामा भाग लिदै आएको छ ?
-सन् १९५८

८. नेपाल सुरक्षा परिषदको अस्थायी सदस्यमा कतिपटक निर्वाचित भएको छ ?
-२ पटक

# तारेभिर कोटिला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

## शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/१२ /१९)

कालीकोट जिल्लाको पचालझरना गाउँपालिका मा, पचालझरना गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक सशक्तिकरण (CEHP) कार्यक्रमको आर्थिक सहयोग तथा नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखाको प्राविधिक सहजीकरणमा सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समिती मार्फत खानेपानी तथा सरसफाइ आयोजना निर्माण गर्न बिभिन्न किसिमका निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङस् तथा औजारहरु खरीद गर्नुपर्ने भएकोले कालीकोट जिल्लाको पचालझरना गाउँपालिका जारकोट बजारसम्म आपुर्ति गर्न इच्छुक मूल्य अभिवृदि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

### शर्तहरु

१. बोलपत्र फारम सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यालय, पचालझरना गाउँपालिका को कार्यालय, नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखा मान्म, नेपाल रेडक्रस सोसाइटी फिल्ड कार्यालय, जारकोट र नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक सशक्तिकरण कार्यक्रम (CEHP), नेपालगंजको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

२. बोलपत्र फारम वापत नगद रु. २,०००।(फिर्ता नहुने गरी) जम्मा गर्नु पर्नेछ र उक्त जम्मा गरेको रकमको नगदी रसिदको प्रति बोलपत्र साथ पेश गर्नु पर्नेछ।

३. बोलपत्र फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकृत) पेश गर्नु पर्नेछ। शिलबन्दी बोलपत्र खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ।

४. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन।

५. बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न वाध्य हुने छैन।

६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम मितिको तेस्रो दिन १०:०० बजे उपभोक्ता समितीका प्रतिनिधीहरु, साझेदार कार्यालयका प्रतिनिधीहरु, र बोलपत्रदाता स्वंय वा निजको प्रतिनिधीको उपस्थितीमा नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखाको फिल्ड कार्यालय, जारकोटमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन। तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ।

७. बोलपत्रमा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरुप नेपाल सरकारबाट मान्यता प्राप्त क श्रेणीका कमर्सियल बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधी भएको बैंक ग्यारेण्टी (Bid Bond) पत्र बोलपत्र दर्ता गर्दा पेश गर्नु पर्ने छ।

८. बोलपत्र स्वीकृत भएपछि बोलपत्र अंङ्को १० प्रतिशत रकममा नघट्ने गरी कार्यसम्पादन जमानी जम्मा गर्नुपर्नेछ।

९. म्याद नाघी वा रीत नपूगी आएका बोलपत्र उपर कूनै कारबाही हूने छैन।

१०. सप्लाईहूने सामाग्रीहरुको भूक्तानी उपभोक्ता समितीले गोदाम मा ढूवानी भै चेकजाँच भएपछि मात्र गर्नेछ।

११. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

१२. फाराम बुझाउने अन्तिम मिति २०७६/१/३ गते ५ बजेसम्म हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थानः**

तारेभिर कोटिला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति
पचालझरना गाउँपालिका वार्ड न. ९, कोटिला, फोन न ९८६१९९६३६४, वा
पचालझरना गाउँपालिका, जारकोट, फोन न ......................, वा
नेपाल रेडक्रस सोसाइटी
कालीकोट, फिल्ड कार्यालय, जारकोट फोन नः ९८५७८२२६१९, ९७४८५००३८६, ९८५८३९०४१४ वा
नेपाल रेडक्रस सोसाइटी
कालीकोट जिल्ला शाखा, मान्म फोन नः ०८७-४४०१२५ वा
नेपाल रेडक्रस सोसाइटी
स्वास्थ्य प्रवर्द्धनकालागि सामुदायिक सशक्तिकरण कार्यक्रम (CEHP), नेपालगंज फोन नः ०८१-५२०२५५, ५२२६६८

# जैविक रसादीको प्रयोगमा कृषक आकर्षित

**मिसन न्यूज**

**डोल्पा** - रसायनिक विषादी मौलाइ रहेको अवस्थामा डोल्पामा जैविक रसादीको महत्वबारे कृषकलाई बुझाउन थालिएको छ । जिल्लाको ठुलीभेरी नगरपालिका-९ मोतिपूरको वस्तीमा जैविक रसादीको बारेमा महत्व बुझाउँदै उत्पादन थालिएको हो । जैविक रसादी प्रयोग गरी स्वस्थ उत्पादन गर्न कृषकलाई जागरुक गराउन लागिएको छ । मोतीपुरका ५३ वटा घरधुरीमध्ये १२ घरमा विगत एक वर्षदेखि जैविक रसादीको उत्पादन गरी निशुल्क वितरण गरिएको कृषक बिमला थापाले बताइन् । रासायनिक विषादीले माटोको स्वरुप नै बिगारेको र जैविक रसादीको उत्पादन गरी पुस्तौंसम्मको माटोको उर्वरा शक्ति बचाइ राख्न कृषकलाई प्रयोग गर्न उत्प्रेरित गरिरहेको अर्को कृषक लालबहादुर कठायतले जानकारी दिए । लालबहादुरकाअनुसार बर्खाको समयमा कुहिएर खेर जाने तितो, पिरो, अमिलो, टर्रो झारपातको प्रयोग गरेर जैविक मल बनाइने गरेको बताए । स्थानीयस्तरमा पाइने तितेपाती, टिमुर,ओखरको पात, लिण्डे, खुर्सानी लगायतका दर्जनौ झारपात मिलाएर जैविक रसादीको उत्पादन गरिएको छ । पहिलापहिला विश्वास लागेन, बर्खाभरी बनायौं, हिउँदभर तरकारीमा प्रयोग गर्यौं।मलबाट आम्दानी बढेको र माटोको उर्वरा समेत बढेर यही वर्षको हिउँदमा लाखौं रुपैयाँ तरकारीबाट आम्दानी गरेको हासी नेपालीले बताइन् । उनले भनिन्,' दिनमा १५ सय भन्दा धेरैको आम्दानी हुन्छ। हामी दलित परिवारमा आम्दानीको स्रोत बनेको छ ।' गरेपछि के असम्भव होला र कृर्षि नै जिवनको उर्वरा मानिन्छ ।



जैविक रसादी उत्पादन गरेर तरकारीमा प्रयोग गर्दै ठुलीभेरी नगरपालिका-९ मोतीपूरकी कृषक बिमला थापा ।



## बरदाने तिखाती खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

### शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/१२ /१९)

कालीकोट जिल्लाको पचालझरना गाउँपालिका मा, पचालझरना गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक सशक्तिकरण (CEHP) कार्यक्रमको आर्थिक सहयोग तथा नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखाको प्राविधिक सहजीकरणमा सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समिती मार्फत खानेपानी तथा सरसफाइ आयोजना निर्माण गर्न बिभिन्न किसिमका निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङस् तथा औजारहरु खरीद गर्नुपर्ने भएकोले कालीकोट जिल्लाको पचालझरना गाउँपालिका जारकोट बजारसम्म आपुर्ति गर्न इच्छुक मूल्य अभिवृदि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फारम सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यालय, पचालझरना गाउँपालिका को कार्यालय, नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखा मान्म, नेपाल रेडक्रस सोसाइटी फिल्ड कार्यालय, जारकोट र नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक सशक्तिकरण कार्यक्रम (CEHP), नेपालगंजको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र फारम वापत नगद रु. २,०००।( (फिर्ता नहुने गरी) जम्मा गर्नु पर्नेछ र उक्त जम्मा गरेको रकमको नगदी रसिदको प्रति बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. बोलपत्र फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकृत) पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ ।

४. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।

५. बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न वाध्य हुने छैन ।

६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम मितिको तेस्रो दिन १०:०० बजे उपभोक्ता समितीका प्रतिनिधीहरु, साझेदार कार्यालयका प्रतिनिधीहरु, र बोलपत्रदाता स्वंय वा निजको प्रतिनिधीको उपस्थितीमा नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखाको फिल्ड कार्यालय, जारकोटमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन । तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ ।

७. बोलपत्रमा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरुप नेपाल सरकारबाट मान्यता प्राप्त क श्रेणीका कमर्सियल बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधी भएको बैंक ग्यारेण्टी (Bid Bond) पत्र बोलपत्र दर्ता गर्दा पेश गर्नु पर्ने छ ।

८. बोलपत्र स्वीकृत भएपछि बोलपत्र अंङ्को १० प्रतिशत रकममा नघट्ने गरी कार्यसम्पादन जमानी जम्मा गर्नुपर्नेछ ।

९. म्याद नाघी वा रीत नपूगी आएका बोलपत्र उपर कूनै कारबाही हूने छैन ।

१०. सप्लाईहूने सामाग्रीहरुको भूक्तानी उपभोक्ता समितीले गोदाम मा ढूवानी भै चेकजाँच भएपछि मात्र गर्नेछ ।

११. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

१२. फाराम बुझाउने अन्तिम मिति २०७६/१/ ३ गते ५ बजेसम्म हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थानः**

बरदाने तिखाती खानेपानी तथा सरसफाइ उपभोक्ता समिति
पचालझरना गाउँपालिका वार्ड न. ९, तिखाती, फोन न ९८६९६१४६१६ वा
पचालझरना गाउँपालिका, जारकोट, फोन न ......................, वा
नेपाल रेडक्रस सोसाइटी
कालीकोट, फिल्ड कार्यालय, जारकोट फोन नः ९८५७८२२६१९, ९७४८५००३८६ , ९८५८३९०४१४ वा
नेपाल रेडक्रस सोसाइटी
कालीकोट जिल्ला शाखा, मान्म फोन नः ०८७-४४०१२५ वा
नेपाल रेडक्रस सोसाइटी
स्वास्थ्य प्रवर्द्धनकालागि सामुदायिक सशक्तिकरण कार्यक्रम (CEHP), नेपालगंज फोन नः ०८१-५२०२५५, ५२२६६८

## बेरोजगारीका ..........

तालिम सिकेका सहभागिहरुलाई आफु कसरी स्वावलम्बी हुने भनेर सोच्न आग्रह गरे। कार्यक्रममा नेपाल पत्रकार महासंघ कालीकोटका सल्लाहकार कालीबहादुर मल्लले ४५ दिनमा सिकेको सीपलाई व्यवहारमा उर्तान आग्रह गरे । उनले भने 'नेपाल सरकारबाट मान्यता प्राप्त प्रमाणपत्र पाउनु भएको छ, त्यसलाई सिरानीमा थन्क्याउने काम नर्गनुहोला सिलाई कटाई सिकेपछि व्यवहारमा लागु गरेर आर्यआर्जनका काम तिर अगाडि बढ्नुहोला ।'

## नौ रूपैयाँको नुन लिन....................................................

सहजरूपमा पाउन सकेका छैनन् अर्कोतिर सदरमुकाम मान्ममा त्यही नुनको कालोबजारी भइरहेको छ । 'अनुदानको नुन सरकारले आवश्यकता बमोजिम न दिन सकेको छ न त अनुगमन नै गर्न सकेको छ', गाँउका सिंहदरवारमा सवै आयो तर नुन आएन, स्थानिय सरकारले यसको विषयमा किन चासो दिएन । उनले भने,अझै पनि नौ रुपैंयाको नुनको लागि अझैपनि सदरमुका जानु प्रर्ने हो भने, के को स्थानिय सरकार उनले गुनासो पोखे । कालिकोट वासिको बाँच्न पाउने अधिकारसमेत हनन भएको छ। पलाँता र पचालझरना गाँउपालिकाको लागि जारकोटमा नुनडिपो राख्नुपर्ने स्थानीयबासीले माग राखे पनि स्थानिय सरकारले व्यवस्था गर्न नसकेको नुन डिपोका कार्यालय साहायक लाल बहादुर वमले बताए । डिपोमा नुन लिन आएका सेवाग्रहिले सोध्छन, कहिले जान्छ गाँउमा नुन ? उनका अनुसार,स्थानिय सरकार लाई पटकपटक डिपो स्थापना गर्न आग्रह गर्दापनि कुनै वास्ता नगरेको वमले बताए । देश संघिय संरचनामा गएको दुई वर्ष पुराभई सवै सेवा सुविधा गाँउमा गएपनि खानेपाकेट आयोडिन नुनको लागि मात्रअझै सदरमुका धाउनु दुखत भएको बताए । अहिले जिल्लाका ९ वटै स्थानिय तहवाट नुनकै लागि मान्म आउछन। एक सयको नुनु लिन्छन र दुई हजार पच्चिस सयखर्च गर्नु परेको छ । यो समस्या समाधान गर्न उनले स्थानिय सरकारलाई आग्रह गरे । कर्णालीका हुम्ला, जुम्ला, मुगु, दैलेख लगायतका जिल्लाहरुमा स्थानिय तहमा नुनको डिपो गइसकेको छ। तर, यँहाभने, अझै नुन लिनजिल्ला धाउनु दुखत भएको बताए ।

# पेटारी जारकोट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

## शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/१२ /१९)

कालीकोट जिल्लाको पचालझरना गाउँपालिका मा, पचालझरना गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक सशक्तिकरण (CEHP) कार्यक्रमको आर्थिक सहयोग तथा नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखाको प्राविधिक सहजीकरणमा सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समिती मार्फत खानेपानी तथा सरसफाइ आयोजना निर्माण गर्न बिभिन्न किसिमका निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङस् तथा औजारहरु खरीद गर्नुपर्ने भएकोले कालीकोट जिल्लाको पचालझरना गाउँपालिका जारकोट बजारसम्म आपुर्ति गर्न इच्छुक मूल्य अभिवृदि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फारम सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यालय, पचालझरना गाउँपालिका को कार्यालय, नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखा मान्म, नेपाल रेडक्रस सोसाइटी फिल्ड कार्यालय, जारकोट र नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य प्रवर्द्धनका लागि सामुदायिक सशक्तिकरण कार्यक्रम (CEHP), नेपालगंजको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फारम वापत नगद रु. १,०००।( (फिर्ता नहुने गरी) जम्मा गर्नु पर्नेछ र उक्त जम्मा गरेको रकमको नगदी रसिदको प्रति बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
३. बोलपत्र फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकृत) पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ ।
४. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
५. बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न वाध्य हुने छैन ।
६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम मितिको तेस्रो दिन १०:०० बजे उपभोक्ता समितीका प्रतिनिधीहरु, साझेदार कार्यालयका प्रतिनिधीहरु, र बोलपत्रदाता स्वंय वा निजको प्रतिनिधीको उपस्थितीमा नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखाको फिल्ड कार्यालय, जारकोटमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन । तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ ।
७. बोलपत्रमा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरुप नेपाल सरकारबाट मान्यता प्राप्त क श्रेणीका कमर्सियल बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधी भएको बैंक ग्यारेण्टी (Bid Bond) पत्र बोलपत्र दर्ता गर्दा पेश गर्नु पर्ने छ ।
८. बोलपत्र स्वीकृत भएपछि बोलपत्र अङ्कको १० प्रतिशत रकममा नघट्ने गरी कार्यसम्पादन जमानी जम्मा गर्नुपर्नेछ ।
९. म्याद नाघी वा रीत नपूगी आएका बोलपत्र उपर कूनै कारबाही हूने छैन ।
१०. सप्लाईहूने सामाग्रीहरुको भूक्तानी उपभोक्ता समितीले गोदाम मा ढूवानी भै चेकजाँच भएपछि मात्र गर्नेछ ।
११. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।
१२. फाराम बुझाउने अन्तिम मिति २०७६/ १ / ३ गते ५ बजेसम्म हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थानः**

पेटारी जारकोट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति
पचालझरना गाउँपालिका वार्ड न. ४, जारकोट, फोन न ९८६६१६९५११, वा
पचालझरना गाउँपालिका, जारकोट, फोन न ......................, वा
नेपाल रेडक्रस सोसाइटी
कालीकोट, फिल्ड कार्यालय, जारकोट फोन नः ९८५७८२२६१९, ९७४८५००३८६ , ९८५८३९०४१४ वा
नेपाल रेडक्रस सोसाइटी
कालीकोट जिल्ला शाखा, मान्म फोन नः ०८७-४४०१२५ वा
नेपाल रेडक्रस सोसाइटी
स्वास्थ्य प्रवर्द्धनकालागि सामुदायिक सशक्तिकरण कार्यक्रम (CEHP), नेपालगंज फोन नः ०८१-५२०२५५, ५२२६६८

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, समाचारदाता :दिलिप कुमार शाही, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. – ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३ ,इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रणः ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट